# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

मिति: २०८२ कार्तिक ११ गते
(२८ अक्टूबर २०२५)

**श्री नेपाल स्टक एक्सचेन्ज लि.**
सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषय : कम्पनीको ५१औं वार्षिक साधारण सभा गर्ने तथा सो सम्बन्धी निर्णयहरुको जानकारी**

**महोदय,**

यस सोल्टी होटल लिमिटेड (**"कम्पनी"**) को आज मिति **२०८२ कार्तिक ११ गते तद्नुसार ई. सम्बत् २८ अक्टूबर २०२५**, मंगलबार दिनको ४ बजे, दी सोल्टी काठमाण्डौ, आटोग्राफ कलेक्शन होटेल्स, ताहाचल काठमाण्डौमा बसेको संचालक समितिको **२५९ औं बैठकले** निम्नलिखित निर्णयहरु सर्वसम्मतिबाट गरेको जानकारी **धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (संशोधन सहित) को नियम २६ को उपनियम (५) को अनुसुचि १६ तथा विभिन्न मितिमा जारी निर्देशन** बमोजिम अनुरोध छ :–

१. **कम्पनीको ५१औं वार्षिक साधारण सभा गर्ने दिन, मिति, समय, तथा स्थान:**

कम्पनीको **५१औं वार्षिक साधारण सभा** आगामी **२०८२ साल मंसिर २८ गते** तद्नुसार **१४ डिसेम्बर २०२५ आईतबारका** दिन **बिहान १०:०० बजे, स्थान - त्रिभुवन आर्मी अफिसर्स क्लब सभामण्डप हल, टुँडिखेल, सुन्धारा काठमाण्डौ** मा बस्ने ।

२. **शेयर दाखिला खारेज बन्द हुने मिति (Book Close Date) :**

कम्पनीको ५१औं वार्षिक साधारण सभाको प्रयोजनको लागि **कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब शुक्रबार, २०८२ मंसिर ५ गते (२१ नोभेम्बर २०२५) देखि, आईतबार, २०८२ मंसिर २८ (१४ डिसेम्बर २०२५) गते सम्म** अर्थात ५१औं साधारण सभा सम्पन्न नभए सम्म अगाडी र पछाडीका दुवै दिन सहित **जम्मा २४ दिनको** लागि **बन्द गर्ने ।**

३. **नगद लाभांश प्रदान गर्ने सिफारिस र सोको प्रतिशत:**

कम्पनीको आगामी **५१ औं वार्षिक साधारण सभा समक्ष** आर्थिक वर्ष २०८१/०८२ को नाफाबाट कम्पनीका शेयरधनीहरुलाई **चुक्ता पूँजीको १६.५७८९४७३७% (अक्षरमा सोह्र दशमलव पाँच सात आठ नौ चार सात तीन सात प्रतिशत) (कुल रकम रु. १६,९४,१४,०७८) नगद लाभांश** वितरण गर्नका लागि सिफारिस गर्ने ।

४. **बोनश शेयर वितरण गर्ने सफारिस र सोको प्रतिशत:**

कम्पनीको आगामी **५१औं वार्षिक साधारण सभा समक्ष** कम्पनीका शेयरधनीहरुलाई **चुक्ता पूँजीको १५% (पन्ध्र प्रतिशत), बोनश शेयर** प्रदान गर्नका लागि सिफारिस गर्ने ।

५. **कम्पनीको हालको लिन मन्जुर तथा चुक्ता पूँजी :**

कम्पनीको हालको साविक लिन मन्जुर तथा **चुक्ता पूंजी**, शेयर कित्ता १०,२१,८६,२६९ थान साधारण शेयर प्रति शेयर रु. १०/– का दरको जम्मा रकम रु. १,०२,१८,६२,६९० पूर्ण चुक्ता ।

स:धन्यवाद ।

**भवदीय,**

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

P O Box 3800, Tahachal, Kathmandu, Nepal Telephone : +977-1-4272567, 4273999 Fax : +977-1-4272201, 4272206 E-mail: shl@soaltee.com.np
सोल्टी होटल लिमिटेड, रजिष्टर्ड अफिस ताहाचल, काठमाण्डौ
कम्पनी दर्ता नं. ९६/०३२